# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल


प.सं: २०८३/८४
च.नं.:

मिति :२०८३।०४।२१

## प्राइभेट फर्मको दर्ता, नवीकरण र अद्यावधिक गर्ने तथा आ.व.२०८३/८४ मा कर छुट सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८३/०१/०८ मा स्वीकृत भएको प्राइभेट फर्म दर्ता (पहिलो संशोधन) नियमावली, २०८२ बमोजिम घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (ब.सु.प.) बाट १० लाखसम्म पूँजी भएको प्राइभेट फर्महरुको विवरण सहितको सक्कल फाइलहरु यस कार्यालयमा प्राप्त भैसकेको हुदाँ **१० लाख सम्म पूँजी भएका प्राइभेट फर्महरुको नयाँ दर्ता, नवीकरण र अद्यावधिक सम्बन्धी कार्यहरु यस बर्दघाट नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट सम्पादन हुने** साथै लुम्बिनी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८३ को दफा १३ मा प्राइभेट फर्म सम्बन्धी देहाय बमोजिम विशेष व्यवस्था रहेको हुदाँ सम्पुर्ण सरोकारवाला उद्यमी/व्यवसायीहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

देहाय,

१.प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०८१/८२ सम्म वार्षिक विवरण नबुझाएका तथा नवीकरण नगरी सञ्चालनमा रहेका वा दर्ता भई सञ्चालनमा नरहेका प्रचलित कानुन बमोजिम सञ्चालन अनुमति लिनुपर्ने बाहेकका प्राइभेट फर्मले आर्थिक वर्ष २०८३/८४ भित्र विवरणसहित नवीकरण वा दर्ता खारेज गर्न चाहेमा नियमानुसार लाग्ने जरिवाना रकमको ७५(पचहत्तर) प्रतिशत छुट हुनेछ।

२.प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि मदिरा तथा सुर्तिजन्य बाहेकका अन्य जुनसुकै उद्योग दर्ता तथा नवीकरणमा आर्थिक वर्ष २०८३/८४ मा शतप्रतिशत छुट हुनेछ ।

.........................
पुष्कर काफ्ले
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत